# ८

# बुद्धिमानी हुनु
## पुनर्जागरणको सुरक्षा

*<u>यस अध्यायका मूल पदहरू:</u>* यूहन्ना १७:३, १ यूहन्ना २:३-६, मत्ती २३:२७,२८, २ थेस्सोलोनी २:९-१२, १ कोरन्थी १२:४-७।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "तपाईंका नितिनियमहरूलाई म कति रूचाउँछु, रूचाउँदिन र? तपाईंले मलाई माया गर्नुभएकोले नै मलाई जीवित राख्नुहोस्। तपाईंका सबै वचनहरू सत्य छन्। तपाईंका सबै व्यवस्थाहरू उचित छन्। तिनीहरू सदाको निम्ति रहिरहन्छ।" (भजन ११९:१५९,१६० रूपान्तरित)।

म युवा पास्टर भएको बेलामा, अमेरिकाको टेनस्सी भन्ने राज्यको कृषक परिवारसँग बाइबल अध्ययन गर्दथें। एक दिन त्यस घरको बैठकमा एक जना मोटो भद्र भलादमी भित्र आयो। उसको हातमा ठूलो चुरोट थियो। अनि सबैको अगाडि उसले यस्तो दावी गरे, "मेरो फोक्सोको क्यान्सरलाई परमेश्वरले निको पारी दिनुभयो।"

त्यसबेला त्यस भद्र भलादमीले गरेको दावी म बराबर सम्झन्छु। पवित्र आत्माले उसको रोगलाई निको पारिदिनुभयो भनेर उसले भित्री हृदयदेखि विश्वास गरेको थियो। तर उसले विश्वासै गरेतापनि उसको जीवनशैलीले के उसको जीवनमा भएको चङ्गाई सत्य भएको देखाउँछ र? यस संसारमा अनेक किसिमका अचम्मका घट्नाहरू भइरहेको हामी पाउँछौं। अनेकौं अलौकिक चिन्हहरू पनि भइरहेको हामी पाउँछौं। तर त्यसको अर्थ के पवित्र आत्माले सधैं त्यस अचम्म क्रियाकलापमा काम गरिरहनुभएको देखाउँदछ त? गलत वा झुठा पुनर्जागरणमा पनि अनेकौं अचम्मको काम भएको देखिन्छ र त्यहाँ वाख्या गर्न नसक्ने विभिन्न अदभूत चिन्हरू भइरहेको परिप्रेक्ष्यमा कुन सच्चा कुन् झठ भनेर कसरी छुट्याउने?

जब हामी आत्मिक पुनर्जागरण वा जागृतको बारेमा सोच्दछौं, तब हामीले एउटा कुरो गम्भिर भएर सोच्नु आवश्यक देखिन्छ। के गलत वा झुठो आत्मिक जोशले मानिसलाई पकडिएको परिप्रेक्ष्यमा त्यहाँ

सत्य आत्मिक पुनर्जागरण वा जागृति भएको छ भनेर विश्वस्त तुल्याउने काम सैतानले गर्न सम्भव छ त?

सच्चा आत्मिक पुनर्जागरण वा जागृति भनेको के हो भनेर केहि उदाहरणसहित यस अध्यायमा हामी पढ्ने छौं। अनि नकावधारी वा देखावटी आत्मिक पुनर्जागरणमा हुने विभिन्न अलौकिक क्रियाकलापहरूलाई पनि नजिकबाट नियालेर हेर्नेछौं। सत्य जागृतिसँग असत्य जागृतिमा हुने क्रियाकलापलाई स्पष्टसँग तुलना गर्नेछौं। सत्य आत्मिक पुनर्जागरण र नकावधारी वा देखावति पुनर्जागरणको बीचमा भएको भिन्नताको ज्ञान हामीमा भए सैतानको छलबाट बच्न हामी सक्षम् हुनेछौं।

## १. परमेश्वरको इच्छा वा चाहना र उहाँको वचन (भजन ११९:२५)

परमेश्वरलाई चिन्ने आत्मज्ञानमा पक्का वा सच्चा आत्मिक जीवन भर पर्दछ र त्यो अनुभूति पाएको व्यक्तिले आफू परमेश्वरको इच्छा पालन गरिरहेको छु भन्ने यकिन हुनुपर्दछ (यूहन्ना १७:३, हिब्रू १०:७)। यदि कुनै आत्मिक पुनर्जागरण केवल भावना वा जोशमा मात्र भर पर्दछ र परमेश्वरको वचन पूर्ण रूपमा पालन गर्न इच्छुक हुँदैन भने त्यो जागृति सहि भन्न मिल्दैन। त्यो मुकुण्डोधारी आत्मिक जागृति हुनसक्छ। जहाँ परमेश्वरको गरिमामय वचनको सम्मान हुँदैन त्यहाँ पवित्र आत्माले अगुवाई गर्दैन। पवित्र आत्माले हामीलाई हरदम परमेश्वरको वचनतिर ध्यान लगाइरहन्छ (२ तिमोथी ३:१६,१६)। सबै खालको सच्चा वा पक्का आत्मिक पुनर्जागरणको आधार र मुटु वा केन्द्रविन्दु नै परमेश्वरको वचन हो।

भजन ११९मा उल्लेख गरिएको देहायका पदहरूमा परमेश्वरको वचन र आत्मिक पुनर्जागरणको बारेमा केहि हदसम्म वाख्या गरिएकाछन्। परमेश्वरको वचनले हामीहरूको जीवनमा आत्मिक तत्वहरूको विकास कसरी गरिन्छ भनेर त्यसको सूची ती पदहरू पढेर बनाउन सक्दछौं। परमेश्वरसँगको यथार्थ अनुवभमा ती पदहरूमा उल्लेख गरिएका प्रतिज्ञाहरू कतिको अर्थपूर्ण छन् ती पनि हामी मनन गर्नसक्दछौं। हेरौं, भजन ११९:२५, "२५ म हारेर माटोमा लडिरहेको छु, तपाईंले प्रतिज्ञा गर्नुभएअनुसार मलाई फेरि उठाउनुहोस्।" २८, "म

अफसोसले विह्वल भएको छु, आफ्नो प्रतिज्ञाअनुसार मलाई बल दिनुहोस्।" ४९ "म तपाईंका आज्ञाहरूको प्रेम र कदर गर्दछु, म तपाईंका अर्तीहरूमा ध्यान दिनेछु।", ५० " मेरो कष्टको बेलामा पनि मैले सान्त्वना पाएँ किनभने तपाईंको प्रतिज्ञाले मलाई जीवन दियो।", ६७ " तपाईंले मलाई दण्ड दिनुअघि मैले गल्ती गर्दथें, तर अब म तपाईंको वचन मान्दछु।", ८१ "हे परमप्रभु! तपाईंले मलाई कहिले बचाउनुहुन्छ भनी पर्खंदा-पर्खंदा म थाकिसकें। म तपाईंको वचनमा भरोसा गर्दछु।", १०५ "तपाईंको वचन मलाई अगुवाइ गर्ने बत्ती र मलाई बाटो देखाउने ज्योति हो।", ११६ "आफ्नो प्रतिज्ञाअनुसार मलाई बल दिनुहोस् र म जिउनेछु, मेरो आशामा मलाई निराश नपार्नुहोस्।", १३० "तपाईंका शिक्षाहरूको अर्थ खोलिंदा हामीले ज्योति पाउँछौं र अज्ञानीहरूले बुद्धि पाउँछन्।", र १५४ "मेरो मुद्दाको रक्षा गर्नुहोस् र मलाई छुटकारा दिनुहोस्, आफ्नो प्रतिज्ञाअनुसार मलाई बचाउनुहोस्।"

**प्रभु येशूले जीवनको रोटीको बारेमा प्रवचन दिनुभएको थियो। सबै खालका पुनर्जागरण वा आत्मिक पुनर्जागृतिको निम्ति चाहिने जरुरी नितिनियमहरूलाई उहाँले वाख्या गर्नुभएको थियो। उहाँले भन्नुभयो, "पवित्र आत्माले जीवन दिन्छ। भौतिक शरीर केहि पनि होइन। जुन वचन म तिमीहरूलाई बोल्दैछु ती पवित्र आत्माबाट हुन्। तिनीहरूले तिमीहरूलाई जीवन दिन्छ।" (यूहन्ना ६:६३ रूपान्तरित)। येशूले अति उल्लेखनीय वचन बोल्नुभएको छ। सारा आत्मिक जागरण पवित्र आत्माकै अगुवाईबाट सुरू हुन्छ। पवित्र आत्माले परमेश्वरको वचनबाट बोल्नुहुन्छ। जसले परमेश्वरलाई विश्वास गरेर उहाँको वचनलाई ग्रहण गर्छ त्यसलाई वचनको गहिरो भेदहरू पवित्र आत्माले खुलाइ दिनुहुन्छ। त्यसैकारण मुक्तिदाताले भन्नुभयो, "मानिस केवल रोटी वा खानाले मात्र बाँच्दैन। परमेश्वरको मुखारबाट निस्किएको प्रत्येक वचनले मानिस जीउँदछ।" (मत्ती ४:४ रूपान्तरित)।**

"विगत पाँच दशकहरूमा धर्मको नाँउमा विभिन्न आत्मिक जागृतिहरू भएका छन्। ती जागृतिहरूमा सैतानका प्रभावले पनि काम गरिरहेकाछन्। सैतानका त्यही प्रभावले भविष्यमा हुने आत्मिक पुनर्जागरणहरूमा पनि सक्रिय हुनेछ। ती आत्मिक पुनर्जागरण देखावटी,

नकावधारी र गलत हुन्। भावना र जोशले मानिसहरूलाई उत्तेजित पार्दछन्। सत्य र झुठलाई ती असत्य आत्मिक पुनर्जागरणमा तिनीहरूले मिसाई दिएको हुन्छ। मानिसहरूलाई धोका दिन र छलमा पार्न त्यस्ता खालका अध्यात्मिक पुनर्जागरणको रूपरेखा तयार पारिएको हुन्छ। तर कोही पनि धोका वा छलमा पर्न आवश्यक छैन। परमेश्वरको वचनको ज्योतिले हेर्दा त्यस्ता अध्यात्मिक पुनर्जागरणको पर्दा पछाडि को दुष्टले काम गरिरहेको रहेछ भनेर छुट्याउन गाऱ्हो पर्दैन। जब मानिसहरूले परमेश्वरको वचन पढ्न चाहन्दैन र बाइबलमा देखाएका सत्यलाई पालन गर्न चाहन्दैन, त्यस्ता मानिसहरू साधा र आत्मालाई जाँच्ने फर्केर गइरहेका हुन्छन्। परमेश्वरको वचनले तिनीहरूको आफ्नो भाऊलाई त्यागन लगाइ दिन्छ। क्षणिक संसारको चाहनाबाट अलग गराउन परमेश्वरकै वचनले आह्वान गरेको हुन्छ। जब कुनै पनि आत्मिक जागृतिमा परमेश्वरको वचनलाई पन्छाउन उक्साउँछन् वा त्यसको गरिमालाई पालन गर्न प्रेरित गर्दैन, त्यसमा परमेश्वरको आशिष छैन भनेर हामी निश्चित हुनुपर्दछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४६४बाट रूपान्तरित।

जब परमेश्वरको वचन अनुसार उहाँको सदिच्छालाई हामी पत्ता लगाउँछौं तब त्यो सत्य आत्मिक पुनर्जागरण भनेर हामी मान्नु पर्दछ। पवित्र आत्माले भरिएको जीवन प्रभु येशूले यापन गर्नु भएको थियो। उहाँ जन्मेदेखि नमरुञ्जेल पवित्र आत्माले नै उहाँलाई अगुवाई गर्नुभएको थियो। पवित्र आत्माले नै उहाँलाई शक्ति दिएर परिचालन गर्नुभएको थियो।

## २. परमेश्वरको प्रेम र उहाँको व्यवस्था अर्थात् नितितियम वा विधिको शासन (१ यूहन्ना २:३-६)

जागृति के को लागि वा आत्मिक पुनर्जागरणको लक्ष्य के हो भन्दा येशूसँग नजिक हुन र उहाँलाई चिन्न हो। येशूलाई लक्षित गरिएको अध्यात्मिक पुनर्जागरणले मानिसको भित्री हृदयको आत्मिक पक्षलाई जगाइ दिन्छ। त्यसकारण आत्मिक जागृति अत्यन्त महत्त्वपूर्ण छ। यसले उद्धारकर्तासँग व्यक्तिगत अनुभवको अनुभूति दिन्छ। येशूको बारेमा कुनै पनि गलत धारणालाई पन्छाइ उहाँ त हाम्रो मित्र पो हुनुहुन्छ भन्ने

निश्कर्षमा पुऱ्याउन आत्मिक जागृतिले प्रमुख भूमिका खेल्दछ। सबै खालका अध्यात्मिक जागृतिको मूल लक्ष्य नै येशूसँग वढि चिनजान गराउनु हुनुपर्दछ। यस सन्दर्भमा सोच्दा प्रेरित पावलको बारेमा याद दिलाउँछ। येशूसँग उनको आत्मिक अनुभव भित्री हृदयदेखि नै अत्यन्त गाढा थियो। येशूसँगको उनको अनुभव एफिसीका विश्वासीहरूले पनि गरोस् भनेर उनले तिनीहरूको निम्ति यस्तो प्रार्थना गरिरहेको छ भनेर तिनीहरूलाई यसरी जानकारी गराउँछन् "येशूको बारेमा सम्पूर्ण ज्ञानहरू बुझ्न नसकेतापनि कमसेकम उहाँको प्रेमलाई त बुझ। तिमीहरूमा उहाँको प्रेमको आत्मज्ञान भयो भने परमेश्वरले चाहनुभएको सबै कुराले तिमीहरूलाई भरि दिनुहुनेछ।" (एफिसी ३:१९ रूपान्तरित)।

येशूले दश कन्याको बारेमा एउटा अर्तिकथा भन्नु भएको थियो। पाँच पाँच जना दश कन्यालाई छुट्याएर भनिएको त्यस कथामा अन्तिम समयमा बाँचिरहेका विश्वासीहरूको हृदयको पर्दाफास गरिएको पाउँछौं। पाँच जना चाहिँ प्रशस्त तेल लिएर दुलहाको लागि पर्खिरहेका थिए भने अर्को पाँच जनाचाहिँ ठिक्क मात्र तेल लिएर दुलहालाई पर्खीरहेका थिए। दुलहा भित्राउन तिनीहरू राति अबेर सम्म पर्खिरहेका थिए। त्यहि दौरानमा तिनीहरू थाकेर सुतेका थिए। जब मध्य रातमा दुलहा आयो भनेर खबर पाए त ती दस कन्या उठे। पाँच जनाको दियो बलिरहेको थियो भने पाँच जनाको थिएन। अनि दियो निभेको पाँच जनाले ननिभेको दियो बोकेको पाँचजनासँग तेल मागे। जब तिनीहरूले तेल दिन असमर्थ जनाए तब ती पाँच जना तेल किन्न बाहिर गए। जब तेल किनेर आए तब दुलहा भित्रिएको कम्पाउन्ड अर्थात् प्राङ्गण बन्द भएको थियो। ती पाँच कन्याले त्यस प्राङ्गणको ढोका घचघचाउँदा दुलहाले तिनीहरूलाई चिनेको छैन भनेर तिनीहरूलाई भित्राएनन्। त्यस अर्तिकथामा प्रशस्त तेल नभएका पाँच कन्यालाई त्यस्ता मानिसहरूसँग तुलना गरिएको छ जो बाहिरी रूपमा धर्मी र ज्ञानी देख्दछन् तर तिनीहरू येशूसँग धेरै गाढा अनुभव भएको थिएन। येशू हाम्रो दुलाहा हुनुहुन्छ। ती पाँच कन्याको महान् आवश्यकतालाई देखाउँदै उहाँले बाहिरी खोल ओढेका इसाईहरूलाई पनि यसरी सम्बोधन गर्नुहुन्छ, "साँच्चिकै म तिमीहरूलाई भन्दैछु, म तिमीहरूलाई चिन्दिँन।" (मत्ती २५:१२ रूपान्तरित)। (सबै

जना स्वर्ग जाने त कुरा गर्छन् तर तिनीहरू पुग्छन् वा पुग्दैनन् यस अर्तिकथाले खुलासा गरिएको पाइन्छ)

परमेश्वरसँग चिनजान भएर चल्दा जहिले पनि उहाँको आज्ञालाई शिरोपर गर्ने मनस्थितिमा पुऱ्याउँछ। परमेश्वरको व्यवस्था वा नितिनियमले उहाँको प्रेमको खुलासा गर्दछ। जति गहिरो सम्बन्ध ख्रीष्टसँग हामी राख्दछौं त्यति नै उहाँलाई प्रशन्न पार्न हामी चाहन्छौं। प्रेमको फल पाक्नु भनेकै उहाँको आज्ञालाई शिरोपर गर्नु हो। कुनै पनि पुनर्जागरण वा आत्मिक जागृतिले मानिसलाई पश्चाताप गर्न अग्रसर गराउँदैन भने त्यो सही हुँदैन। किनकि परमेश्वरको आज्ञा तोडेकोमा सही पुनर्जागरणले दुःखित तुल्याउँछ। जोश वा उत्तेजित भएर धार्मिक अनुभव गरिन्दा क्षणिक आनन्द त आउला। तर केवल क्षणिक जोशको भरमा चलेको आत्मिक आगोले सही आध्यात्मिक जीवनलाई निरन्तरता नदिन सक्छ।

परमेश्वरलाई सच्चा हृदयले चिनेको छ भनेर उहाँका भक्तले कसरी प्रमाणित गरेर देखाउँछ भनेर प्रेरित यूहन्नाले व्यक्त गरेका केहि पदहरू यहाँ व्यक्त गरेका छन्। तिनीहरूलाई कसरी आत्मसात् गर्ने सोच्नु होस्: १ यूहन्ना २:३-६,"हामीले उहाँको आज्ञा मान्ने गऱ्यौं भने साँच्चै हामीले उहाँलाई चिनेका रहेछौं भनेर थाहा हुन्छ। कसैले उहाँलाई चिन्छु भन्छ तर उहाँको आज्ञा मान्दैन भने त्यो झूटो हो अनि त्यसमा सत्य हुँदैन।तर जसले उहाँको वचन मान्ने गर्छ, उसले परमेश्वरलाई पूरा प्रेम गरेको हुन्छ। यसैबाट हामी उहाँमा छौं भनेर जान्नेछौं। परमेश्वरमा छु भन्ने मानिसले ख्रीष्टकै जस्तो चालचलनमा हिँड्नुपर्छ।" १ यूहन्ना ४:७-८, १९-२१, "प्रिय मित्रहरू, हामीले एक-अर्कालाई प्रेम गरौं किनभने प्रेम परमेश्वरबाट आएको हो। प्रेम गर्ने परमेश्वरकै बालक हो र उसले परमेश्वरलाई चिन्दछ। ८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन किनभने परमेश्वर प्रेम हुनुहुन्छ।....१९ परमेश्वरले नै पहिले हामीलाई प्रेम गर्नुभएको हुनाले हामी पनि प्रेम गर्छौं। २० कसैले परमेश्वरलाई प्रेम गर्छु भन्छ र आफ्नो भाइलाई हेला गर्छ भने त्यो झूटो हो। आफूले देखेको भाइलाई प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई कसरी प्रेम गर्न सक्छ? २१ जसले

परमेश्वरलाई प्रेम गर्छ, त्यसले आफ्नो भाइलाई प्रेम गर्नुपर्छ। यही नै ख्रीष्टले हामीलाई दिनुभएको आज्ञा हो।"

**माथि उल्लेख गरेका पदहरूमा दुई अत्यन्त महत्त्वपूर्ण धारणाहरूलाई प्रस्तुत गरेका छन्। प्रथमतः परमेश्वरलाई चिन्दा उहाँका आज्ञाहरू पालन गर्न अग्रसर गराउँदछ। दोस्रोमा, परमेश्वरलाई प्रेम गर्दा त्यसको फलस्वरुप एक आपसमा पारस्परिक प्रेम गर्न पनि डोऱ्याउँछ। यूहन्नाले जे भन्न खोजेका थिए सो स्पष्ट छ। सही आत्मिक जीवनले चोलामात्र होइन सम्पूर्ण जीवनशैलीलाई परिवर्तन गराउँछ। येशूकहाँ न्यानो मानेर आउनु वा उहाँसँगको सम्बन्ध नजिक भएको अनुभव गर्नुमात्र, आत्मिक पुनर्जागरणको मुटु वा उद्देष्य होइन। बरू सम्पूर्ण जीवनलाई परिवर्तनको मार्गमा लगाएर येशूको सेवा गर्दा अत्याआनन्दको अनुभूति पाइरहनु हो। सबै खालका अध्यात्मिक पुनर्जागरणले ल्याउने परमेश्वरको महान् लक्ष्य यी हुन्ः (१) हामीलाई उहाँसँगको घनिष्ठ सम्बन्धमा तान्नु (२) हामीहरूमा भएका सबै आकाँक्षा, महत्त्वाकाँक्षा, भाऊ खोज्ने प्रवृति आदिलाई उहाँमा सुम्पेर हामीप्रति उहाँको लक्ष्य के हो त्यसमा गहिरोसँग लाग्नु, र (३) अनि सबैको सामु उहाँको साक्षी बनेर उहाँलाई सफा हृदयले सेवा गर्नु। (हामीहरूको रूपान्तरित वा काँचुली फेरिएको जीवनले सबैलाई हामी आत्मिक रूपमा पुनर्जागृतिको स्वाद चाखिरहेकाछौं भन्ने अनुभूति दिलाउनुपर्दछ–अनुवादकको प्रतिक्रिया)।**

तपाईंले अरूहरूसँगको पारस्परिक सम्बन्ध कस्तो छ? अरूसँगको सम्बन्धले तपाईं परमेश्वरसँग हिँडिरहनुभएको छ भनेर कसरी प्रमाणित गर्दछ? परमेश्वरसँग र अरूसँगको सम्बन्धमा सुधार ल्याउन तपाईंमा कस्तो परिवर्तनको खाँचो छ?

## ३. औपचारिकता, अतिवादीता र आस्था वा विश्वास (मत्ती २३:२७,२८)

**सत्य अर्थात् सही आत्मिक पुनर्जागरणमा धेरै चुनौतिहरू खडा भएका हुन्छन्। ती मध्ये अत्यन्त उल्लेखनीय चुनौति भनेकै चिसो औपचारिक धार्मिक प्रवृत्ति हो। फेरि त्यसै वखत धर्मको नाउँमा आगो भएर अतिबादी हुने चरित्रलाई पनि हामीले पन्छाउनु आवश्यक छ। परम्परा वा संस्कारको बाकस भित्र औपचारिक धार्मिक क्रियाकलापलाई**

भोटे ताल्चा लगाएर थुनिएको हुन्छ। धार्मिक खोलको खपटा भित्र रहेर आफ्नो धर्मकर्ममा संतुष्ट बनाइ राख्ने काम औपचारिक धार्मिक क्रियाकलापको हो। (आफू अरू भन्दा वा सर्वसाधारण मानिसहरू भन्दा शुद्ध वा पवित्र छु भनेर धर्म अनुसार सेता, काला, राता, पहेंलो आदि पोशाक लगाएर आत्मिक संतुष्टको अनुभुति पाउनु नै बाहिरी रूपमा धर्मी देखाउने प्रक्रिया हुनसक्छ। यस्ता व्यक्तिहरू अतिवादी भएर देखाउँछन् र मानिस भन्दा धर्म ठूलो छ भनेर धर्मको नाउँमा आतङ्क मचाउँछन्। यस्तो प्रवृत्तिलाई येशूले खुलेयाम विरोध गर्नुभएको थियो (मत्ति २३)) यस्ता किसिमका धर्मले सही आस्थालाई प्रोत्साहन गर्दैन। औपचारिक धार्मिक प्रवृत्तिले सत्य धर्म पालनको सीमा बाहिर लाने जोशलाई निम्त्याउँछ। अतिवादी धर्मले अनियन्त्रित धार्मिक धारणाहरूलाई उक्साउँछन्। यस्तो खालको आस्था असन्तुलित हुन्छ। धर्म वा आस्थाको एक पक्षलाई मात्र ध्यान दिएर अरू सर्वपक्षलाई वेवास्ता गर्ने काममा अतिवादी धार्मिक व्यक्तित्व पोख्त हुन्छ। अतिवादी धर्मीले आफू मात्र धर्मात्मा छु भनेर अरूलाई आलोचना गर्ने र दोष पत्ता लगाउने काममा आनन्द मनाउँछन्। इसाईहरूमा पनि यस्तो अतिवादी हुने प्रवृत्तिले गर्दा चिन्तित भएको प्रेरित पावलले इसाई चर्च अर्थात् येशूभक्तहरूलाई यसरी सम्बोधन गर्दछन्, "विश्वास अर्थात् आस्थामा बच्चा नै भएर नबस। समुद्रको हुरी बतास र छालले भौंतारिएका जहाज जस्तो हामी हुनेछैनौं। हरेक नौलो नौलो शिक्षादिक्षाले बहाएर हामीलाई तहस नहस पार्न दिंदैनौं। दुष्टतालाई लुकाउन कोशिश गर्दै छलकपट र चलाकीको तुफानले हामीलाई ढाल्न दिंदैनौं।" एफिसी ४:१४ रूपान्तरित)।

धर्मका पोसाक पहिरीएका फरिसी पण्डितहरूलाई येशूले खुलेयाम शाब्दिक आक्रमण येशूले पोख्नु भएको थियो। तिनीहरूको देखावटी धर्म, ढोंगीबाजप्रति येशूले लिनुभएको आलोचनात्मक निति वा गर्नुभएको गुनासोबाट हामीले के सिक्नसक्छौं त्यो मनन गर्नु जरूरी छ। हेर्नुहोस्: मत्ती २३:२७,२८, " ए धर्म-गुरु र फरिसीहरू हो! तिमीहरूलाई धिक्कार! तिमीहरू कति कपटी छौ। तिमीहरू त कमेरोले पोतेको चिहानजस्तै छौ। त्यो चिहान बाहिरबाट हेर्दा त राम्रो देखिन्छ, तर भित्रपट्टि भने मुर्दा कुहेको हाड र अशुद्ध कुरा मात्र रहेको हुन्छ। २८ त्यसै गरी बाहिरबाट हेर्दा भने तिमीहरू मानिसको अगाडि

धर्मात्माजस्तै देखा पर्छौ, तर भित्र भने छल र पापले भरिएका हुन्छौ।"
लूका ११:३९-४१, "अनि प्रभुले तिनलाई भन्नुभयो, "तिमी फरिसीहरू थाल र कचौरा माझ्रेजस्तै आफूलाई बाहिरपट्टि त चोख्याउँछौ, तर भित्र भने तिमीहरू लोभ र दुष्टताले भरिएका छौ। ४० ए मूर्ख हो, के तिमीहरू बुझ्दैनौ? के बाहिरको रूप बनाउनुहुने परमेश्वरले भित्री मन पनि बनाउनुभएको होइन र ? ४१ थाल कचौरामा भएका कुराहरू गरीबलाई दान गर र तिमीहरूको निम्ति सबै कुरा चोखो हुनेछन्।" मर्कूस ७:५-९, "त्यसैकारण फरिसी र धर्म-गुरुहरूले येशूलाई सोधे, "किन तपाईंका चेलाहरू पुर्खाको चलनलाई नमानेर हातै नचोख्याई खान्छन्?" ६ येशूले तिनीहरूलाई भन्नुभयो, "यशैया अगमवक्ताले लेखेका यो कुरा तिमी कपटीहरूलाई ठ्याक्कै मिल्छ– 'मुखले भने यी मानिसहरूले मलाई खुब आदर गर्छन्, तर तिनीहरूको मनचाहिँ मदेखि धेरै टाढा छ। ७ तिनीहरूले मलाई पुजेको त व्यर्थै छ किनभने तिनीहरूले खालि मानिसले बनाएका नियमहरू मात्र सिकाउँछन्,' ८ साँच्चै तिमीहरूले परमेश्वरका धार्मिक आज्ञालाई पन्छ्याएर मानिसहरूको रीतिथिति पो मान्छौ।' ९ येशूले अझै भन्नुभयो, "अँ, तिमीहरू कति सिपालु भएर आफ्ना रीतिथिति चलाउन परमेश्वरको आज्ञालाई पन्छ्याइराख्छौ।'"

येशू हाम्रो प्रभु हुन् भन्दै दावी गर्दै वा अरूलाई विश्वस्त तुल्याउन खोज्दै  विभिन्न आश्चर्य काम गर्ने, विभन्न अलौकिक चर्तिकला देखाउने भयो भन्दैमा तिनीहरू येशू भक्त हुन्छन् भन्ने छैन भनेर त्यस्ता मानिसहरूको पर्दाफास येशूले यसरी गर्नुभएकोलाई हामीले के भन्ने? हेर्नुहोस्ः मत्ती ७:२१-२३, "२१ "मलाई प्रभु, हे प्रभु भन्ने सबैले परमेश्वरको राज्यमा पस्न पाउनेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छाअनुसार काम गर्नेहरू मात्रै पस्न पाउनेछन्। २२ त्यस दिन मलाई धेरैले यसो भन्नेछन्, 'प्रभु, हे प्रभु, के हामीले तपाईंकै नाउँमा परमेश्वरको तर्फबाट बोलेनौं र? के तपाईंको नाउँ लिएर भूतहरू निकालेनौं र ? के तपाईंको नाउँमा अचम्म-अचम्मका कामहरू गरेनौं र? २३ त्यति बेला म तिनीहरूलाई भन्नेछु, 'ए दुष्ट काम गर्नेहरू हो, तिमीहरूलाई मैले चिनेकै छैनँ। यहाँबाट गइहाल!' "

इसाई भनाउँदाहरूले भित्री हृदय खोतलेर आफ्नो अनुभवलाई गम्भिर भएर  के सोच्नु पर्छ भने, के तिनीहरू साँच्चिकै इमान्दरीपूर्वक परमेश्वरलाई पछ्याइरहेका छन् त? विभिन्न चिन्हहरू देखाउँदैमा, आश्चर्य काम गर्दैमा, अलौकिक तरिकाले विमारहरूको निको पार्दैमा, प्रखर प्रचारक भयो भन्दैमा तिनीहरूमा बाइबलको सच्चा आत्मज्ञान वा आस्था छ भनेर प्रमाणित गर्दैन। कतिपय त्यस्ता मानिसहरूका चाहनाहरूले परमेश्वरको इच्छामा समर्पित हुने स्थान लिँदैन। पक्का वा सही पुनर्जागरण यस्तो विश्वास वा आस्थामा गहिरिएर भर परेको हुन्छ जसले परमेश्वरको इच्छामा चल्न आफूलाई अग्रपङ्क्तिमा राख्दछ, अर्थात् परमेश्वरप्रति बफादार भएर उहाँका आज्ञाहरू पालन गर्न इच्छुक भइरहन्छ। बाइबलको आत्मज्ञानको आधारमा नै सच्चा आत्मिक पुनर्जागरण भएको प्रमाणित गर्छ भन्दै मन्तव्य व्यक्त गर्दै यूहन्नाले लेख्दछन्, "४ किनभने परमेश्वरको प्रत्येक सन्तानले संसारलाई नै जित्न सक्नेछ। हाम्रो विश्वासले नै हामी संसारलाई जित्छौं। ५ कसले संसार जित्न सक्छ? येशूलाई परमेश्वरका पुत्र भनेर विश्वास गर्नेले नै संसार जित्छ।" (१ यूहन्ना ५:४,५)।

"संसार अर्थात् सांसारिक तत्वहरूमाथि विजय प्राप्त गर्ने विश्वास, आस्था वा भक्ति कस्तो हो रे? त्यो आस्था हो जसले ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गराउँछ। संसारप्रति विजय पाउन आफ्नो खुबी नभएको आभास त्यस आस्थाले दिन्छ। अनि येशूमात्र आशाको केन्द्र हुनुहुन्छ भनेर त्यस आस्थाले पकडाइ राख्दछ।" एलेन जी ह्वाइट, *रिफ्लेक्टिङ्ग क्राइस्ट,* पृ. २१बाट रूपान्तरित।

तपाईं कतातिर ढल्कन चाहनुहुन्छ? इसाई औपचारिकता र संस्कारमा कि, भावात्मक उत्तेजना र जोशमा? यदि तपाईंको आत्मिक अनुभव ती दुई पक्षहरूको एकतर्फ वा अर्कोमा भर पर्नुहुन्छ भने त्यसलाई तपाईंले कसरी सही सन्तुलनमा राख्नुहुन्छ?

४. परमेश्वरको निम्ति सेवाकार्य र अचम्मका कामहरू (२ थेस्सोलोनिकी २:९-१२)

सही अर्थात् परमेश्वरको इज्जतलाई उचाल्न चाहने आत्मिक पुनर्जागरणको ध्यान सेवामा केन्द्रित हुन्छ। तर असत्य पुनर्जागरणको

ध्यान अचम्मका चर्तिकलाहरूमा केन्द्रित हुन्छ। गलत वा असत्य पुनर्जागरण अलौकिक वा आश्चर्यकामहरूमा भर पर्दछ। तर सत्य आत्मिक पुनर्जागरणहरूले सब भन्दा महान् आश्चर्य वा अलौकिक काम भनेकै मानिसको जीवनलाई परिवर्तन गर्ने धारणालाई प्रोत्साहन गर्दछन्।

येशू ख्रीष्ट मसिह हुनुभएकै कारण उहाँले चङ्गाईको काम गर्नुभएको थियो। करूणामय र दयासागरको खानी हुनुभएकोले नै मानिसहरूको दुःख कष्ट कम गर्न उहाँले चासो राख्नुहुन्छ। तर भौतिक चङ्गाई भन्दा पनि प्रत्येक मानिस पापको फन्दावाट मुक्त होस् भन्ने उहाँको अत्यधिक चाहना छ। त्यसको लागि उहाँले पापबाट राहत दिन स्वस्थ अनुग्रहको प्रवाह सबैलाई खन्याउनुहुन्छ। पापको भन्डारमा हराएका पापीहरूलाई खोज्न र उद्धार गर्ने लक्ष्य नै येशूको सेवाकार्यको थियो (लुका १९:१०)। एक दिन शबाथ-दिनमा पक्षाघातलाई चङ्गाई गरेकोमा अतिवादी यहूदी धर्मगुरूहरू उहाँदेखि क्रुध्द भएका थिए किनकि तिनीहरूको निम्ति मानिस भन्दा धर्म ठूलो थियो। तिनीहरूको प्रतिकार गर्दै येशूले यसरी जवाफ दिनुभयो, “म तिमीहरूलाई यो भन्दछु कि यस संसारमा पाप क्षमा गर्ने अधिकार मानिसको पुत्र (येशू)लाई दिइएको छ।" अनी उहाँले त्यस पक्षाघात भएको बिरामीलाई भन्नुभयो, “उठ.....तिम्रो चकटी उठाऊ र घर जाऊ।" (मत्ती ९:६ रूपान्तरित)। जो प्रत्यक्षदर्शी जनसमूदायले उहाँको त्यस काम देखेर परमेश्वरको प्रशंसा गरे र उहाँको महिमा गरे (मत्ती ९:८)।

मानिसलाई पापबाट उद्धार गर्ने सेवाकार्यको दौरानमा येशूले अचम्म वा अलौकिक कामहरू गर्नुभएको थियो। त्यो उहाँको साधारण स्वभाव थियो। तर यस संसारमा अलौकिक वा आश्चर्य कामगर्ने मूल लक्ष्य लिएर उहाँ आउनुभएको थिएन।

संसारको अन्तको समयमा विभिन्न अलौकिक र अचम्मका कामहरू देखाएर मानिसहरूलाई छलको जालोमा पार्न सक्छ भनेर बाइबलका विभिन्न पदहरूले पर्दाफास गरेका छन्। ती मध्ये केही यहाँ प्रस्तुत गरिको अंशहरूबाट के सिक्नुहुन्छ सो सोच्नुहोस्: २ थेस्सोलोनी २:९-११, “त्यो व्यवस्था भङ्ग गर्नेले शैतानको शक्ति लिएर आउनेछ अनि सबै किसिमका झूटा चिन्ह र अचम्म-अचम्मका कामहरू गर्नेछ। १० नाश हुनेहरू जति सबैलाई त्यसले दुष्ट किसिमले छक्याउनेछ

किनभने तिनीहरूले मुक्ति दिने सत्यलाई मन पराएनन्। ११ त्यसकारण तिनीहरूले झूटा कुरा नै पत्याऊन् भनेर परमेश्वरले भर्माउने शक्तिलाई पठाउनुहुनेछ। १२ तिनीहरूले सत्यमा विश्वास नगरेर अन्याय गर्न राम्रो ठानेकोले सजाय पाऊन् भनेर नै परमेश्वरले यसो गर्नुभएको हो।" मत्ती २४:११-१३, "धेरै झूटा अगमवक्ताहरू निस्केर धेरै मानिसहरूलाई छकाउनेछन्। १२ जतातत्तै दुष्टता बढ्ने हुनाले धेरै मानिसहरूको प्रेम पनि सेलाएर जानेछ। १३ तर आखिरसम्मै स्थिर रहनेहरूचाहिँ बचाइनेछ।.... २४ किनभने यस्ता झूटा ख्रीष्ट र झूटा अगमवक्ताहरू देखापर्नेछन्। तिनीहरूले ठूला-ठूला चिन्ह र अचम्मका कामहरू देखाएर सकेसम्म परमेश्वरले छानेका मानिसहरूलाई पनि झुक्याउनेछन्।" प्रकाश १९:२०, "जनावर र त्यसको अगाडि अचम्मका चिन्हहरू देखाउने त्यो झूटो अगमवक्ता पनि कैदी भयो। ती अचम्मका चिन्हहरूले नै त्यसले त्यो जनावरको चिन्ह लाउने र जनावरको मूर्ति पूज्नेहरूलाई छलेको थियो। ती दुवै जिउँदै गन्धकले जलिरहेको त्यो आगोको कुण्डमा फ्याँकिए।"

**परमेश्वरको सत्य वचनलाई आत्मसात् गर्न खुबी नभएकाहरू वा परमेश्वरको वचनमा मोह नभएकोहरूलाई अनेक किसिमका अचम्मका कामहरूले धोका दिन्छन् (२ थेस्सोलोनी २:१०)। जब मानिसहरूले अनेकौं अचम्मका कामहरूमा वढी चासो राख्दछन् तब ख्रीष्टमा पाउने नयाँ आत्मिक परिवर्तनको जीवनको चाहना तिनीहरूको दिमाग नघुसाउने वातावरण सजिलैसँग वन्दछ। त्यस सन्दर्भलाई पुष्टि गर्दै येशूले धनी मानिस र गरिबीको मारमा परेको लाजरसको अर्तीकथामा भन्नु भयो, " ' अब्राहमले त्यस धनी मानिसलाई भने, "यदि तिनीहरूले मोसा र अगमवक्ताहरूलाई (अर्थात् परमेश्वरको विशेष दूत) सुनेनन् भने मरेकैबाट बिउँतिएतापनि तिनीहरूले पत्यार गर्दैनन् "’" (लुका १६:३१ रूपान्तरित)। अर्को अर्थमा भन्ने हो भने कुनै पनि अचम्म वा अलौकिक चिन्हरूले परमेश्वरको वचनको स्थान लिन सक्दैन। परमेश्वरको वचनलाई पालन गर्न चाहनेले अचम्मका कामहरूमा भर परेर हिँड्न चाहन्दैन। उहाँको वचनलाई पालन गरेर हिँडोस् भन्ने परमेश्वरको प्रमूख चाहना हो। आश्चर्यका कामहरू, अचम्मका कामहरू, अलौकिक कामहरू वा चिन्हहरू भनेको सधैं पछि आउने कुरो हो।**

परमेश्वरसँगको सँगसँगै हिँडाईमा के तपाईँले अचम्मका कामहरूको अनुभव गर्नुभएको छ? तिनीहरूबाट तपाईँले के सिक्नुभयो? तपाईँको विश्वासलाई बलियो बनाउन ती कामहरू कत्तिको महत्त्वपूर्ण छन्?

## ५. पवित्र आत्माको फल र बरदानहरू (१ कोरन्थी १२:४-७)

परमेश्वरले उहाँको चर्चलाई विभिन्न बरदानहरू पवित्र आत्माबाट दिनुहुन्छ। ती वरदानहरूको उद्देष्य के हुन् त भनेर देहायका केहि पदहरूले दिँदछन्: १ कोरन्थी १२:४-७, "पवित्र आत्माका वरदानहरू धेरै किसिमका छन् तर वरदान दिने पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ धेरै किसिमले सेवा चाहिँन्छ तर मालिकचाहिँ एउटै हुनुहुन्छ। ६ धेरै किसिमका ईश्वरीय योग्यताहरू छन् तर हरेकलाई यी सब दिने परमेश्वरचाहिँ एउटै हुनुहुन्छ। ७ सबैको भलाइ होस् भनेर हरेक मानिसलाई पवित्र आत्माको काम प्रकट हुन हरेकलाई वरदानहरू दिइएको छ।" रोमी १२:४-८, "हाम्रो शरीरमा धेरै अङ्गहरू भए पनि ती अङ्गहरूका बेग्लाबेग्लै काम छन्। ५ त्यसै गरी हामी धेरै भए पनि ख्रीष्टमा एउटै शरीर हौं र हामी सबै एक-अर्काका अङ्ग हौं। ६ यसकारण परमेश्वरले आफ्नो अनुग्रहले हामीलाई दिनुभएका बेग्लाबेग्लै दानअनुसार उहाँका कामहरू गरौं। परमेश्वरको तर्फबाट बोल्न सक्नेले आफ्नो विश्वासअनुसार उहाँकै तर्फबाट बोलौं। ७ सेवा गर्नेजतिले ठीकसँग सेवा गरौं, परमेश्वरका शिक्षा दिन सक्नेले आफ्नो विश्वासको मात्राअनुसार शिक्षा देओस्। ८ ठीक बाटोमा हिंड्न सल्लाह दिन सक्नेले सल्लाह देओस्। खाँचोमा परेकालाई दिनेले खुल्ला मनले देओस्। काम मिलाउनेले सक्दो चाँडै मिलाइहालोस् र दया देखाउनेले खुसीसाथ दया देखाओस्।" एफिसी ४:११-१६, "उहाँले नै कसैलाई आफ्नो प्रेरित, कसैलाई अगमवक्ता, कसैलाई प्रचारक, कसैलाई मण्डलीको हेर विचार गर्ने र कसैलाई शिक्षक नियुक्त गर्नुभयो। १२ ख्रीष्टका सबै पवित्र जनहरूलाई उहाँको काम गर्न सक्ने बनाउन र उहाँको शरीर मण्डलीको उन्नति गर्नलाई यो नियुक्ती दिनुभयो। १३ यस प्रकार यी वरदानका कामहरूले हामीलाई विश्वासको एकतामा ल्याउन र परमेश्वरको पुत्रको ज्ञानमा हामीलाई बढाउन मद्दत दिइरहन्छन् र एक

दिन हामी परिपक्व बन्नेछौं र ख्रीष्टकै भरिपूर्णताको मात्रामा पुग्नेछौं। १४ तब हामी स-साना केटा-केटीजस्ता धूर्त मानिसका विभिन्न शिक्षाका बतासले जता हुर्‍यायो, उतै जादैनौं। तिनीहरूले निकालेका ठग विद्याले अरूलाई कुबाटोमा लैजान्छ। १५ प्रेमसँग सत्य बोलेर सबै कुरामा हाम्रो शिर ख्रीष्टजस्तै हामी बढ्दै जाऔं। १६ उहाँकै अधीनमा सबै बेग्लाबेग्लै अङ्गहरू मिलेर रहेका छन् र पूरै शरीर ठीक-ठीक ठाउँमा जोडिएर बसेको छ। एक-एक अङ्गले आफूले गर्नुपर्ने काम गर्‍यो भने पूरै शरीर प्रेममा बढ्दै विकसित हुन्छ।

**पवित्र आत्माको वरदानलाई दुई ठूलो समूहमा विभाजित गरेकाछन्। कुनै वरदानहरू मानिसका गुणिलो स्वभावहरू हुन् जस्तै हँसिलो र अरूलाई सहायता गर्न अग्रसर भइरहने। अरू वरदानहरूचाहिँ परमेश्वरले दिनुभएको विशेष पौरख वा दक्षताहरू हुन् जस्तै अतिथी सत्कार गर्ने स्वभाव, सहायता गर्ने वानी, अरूलाई सरसल्ला र हौसला दिने खुबी, सिकाउन र अगुवाई गर्न सक्ने सीप। ती गुणहरू सबैसँग सबै हुँदैन तर विश्वासीहरूको क्षमता अनुसार परमेश्वरले दिनुहुन्छ (रोमी १२:६-८)। कसैलाई परमेश्वरको वचन सिकाउने दक्षता उहाँले दिनुहुन्छ भने कसैलाई अगमवाणी बोल्ने वरदान, कसैलाई प्रचार प्रसार गर्ने खुबी दिनुहुन्छ भने कसैलाई पास्टर, चर्चको अगुवा वा शिक्षकहरू बन्न खुबी उहाँले दिनुहुन्छ। ती कामहरू गर्न आह्वान गर्दै कुनै निश्चित विश्वासीहरूलाई प्रदान गर्नुहुन्छ (एफिसी ४:११,१२)। तर दुवै समूहले पाउने वरदानहरूको लक्ष्य वा उद्देष्य एउटै हुन्। चर्चमा भएका विश्वासीहरू आत्मिक जीवन बलियो होउन् र परमेश्वरको सेवाको निम्ति तयार पार्न पवित्र आत्माले उहाँका भक्तहरूलाई विभिन्न वरदान अर्थात् खुबीहरू दिनुहुन्छ। विश्वासीहरूको आफ्नो भाऊ बढाउन ती वरदानहरू दिइएका होइनन्। तर चर्चको हितको निम्ति ती बरदान वा खुबीहरू दिइएका हुन्।**

गलाती ५:१६मा बताइएको "पवित्र आत्मामा हिंड" भन्ने प्रेरित पावलको अनुरोधको अर्थ के हो? पवित्र आत्मामा हिंड्दा र येशूको मार्गमा हिंडदा मानिसको स्वभाव वा चरित्र कस्तो हुन्छ भनेर देहायका पदहरूले कसरी बताउँछन् त्यसको सूची बनाउनुहोस्ः गलाती ५:२२-२५, "पवित्र आत्माका फलचाहिँ यी हुन्– प्रेम गर्नु, आनन्दित

हुनु, मेलमिलाप गर्नु, मन थाम्नु, दया गर्नु र भलाइ गर्नु, २३ भरपर्दो हुनु र नम्र हुनु, आफूलाई वशमा राख्नु, यिनीहरूको विरोधमा कुनै नियम छैन। २४ ख्रीष्ट येशूको मानिसले आफ्नो इच्छा र माया मोह क्रूसमा आफ्नो शारीरिक स्वभावसँगै मारेको हुन्छ। २५ यदि हामी पवित्र आत्माले जिउँछौं भने उहाँले भनेअनुसार चल्नुपर्छ।" यूहन्ना १५:१-८, "साँचो अङ्गुरको बोट म नै हुँ अनि मेरा पिताचाहिँ बोटको हेरचाह गर्ने किसान हुनुहुन्छ। २ ममा भएका नफलाउने हाँगाहरूलाई उहाँले छाँट्नुहुन्छ, तर फलाउनेहरूलाई अझै धेरै फलाऊन् भनेर छिमल्नुहुन्छ। ३ हेरचाह गर्ने किसानले हाँगालाई छिमलेर सफा गरेजस्तै मैले भनेका यी वचनहरूले तिमीहरूलाई शुद्ध गरिसकेको छ। ४ तिमीहरू ममा रहो र म तिमीहरूमा रहनेछु। जसरी हाँगाले बोटमा नरहीकन फल फलाउन सक्दैन, त्यसरी नै तिमीहरूले पनि ममा नरही फल फलाउन सक्दैनौ। ५ "अङ्गुरको बोट म नै हुँ र तिमीहरूचाहिँ मेरा हाँगाहरू हौ। जो ममा रहन्छ, म पनि उसमा रहन्छु र यसरी उसले धेरै फल फलाउँछ। मबिना तिमीहरूले केही पनि गर्न सक्दैनौ। ६ ममा नरहने जतिलाई चाहिँ काटिएको हाँगाजस्तै गरी फालिनेछ र त्यो सुक्नेछ अनि त्यसलाई बटुलेर आगोमा हालिनेछ। ७ यदि तिमीहरू ममा रह्यौ र मैले भनेका वचनहरू पनि तिमीहरूमा रहे भने तिमीहरूले चाहेका कुरा माग्दा पाउनेछौ। ८ धेरै फल फलाएर तिमीहरूले मेरा पितालाई महिमा दिनेछौ र तिमीहरू मेरा चेलाहरू हुनेछौ।"

**खाली पवित्र आत्माको वरदानमात्र चाहना गर्ने तर त्यसको फल त्यत्तिको महत्त्व छैन भनेर उक्साउने कुनै पनि आत्मिक पुनर्जागरण वा जागृति खतरापूर्ण हुन्छ। यदि परमेश्वरले विश्वासीहरूलाई पवित्र आत्माको वरदानहरू दिनुभयो रे र तिनीहरूले त्यसको फलचाहिँ नदेखाउने वा लुकाइ राख्छन् रे! तब चर्च स्वार्थी मानिसहरूको जमघटले भरिएको हुन्छ। यदि परमेश्वरले आत्मिक रूपमा कमजोर भएकाहरूलाई आफ्नो शक्ति वा उर्जा खन्याउनुभयो रे ! तर त्यसले त झन खतरनाक नतिजाहरू ल्याउन सक्दछन्। इसाई क्षेत्रमा कतिपय धार्मिक समूह वा मतहरू छन् जो पवित्र आत्माको वरदान र त्यसको शक्तिको चाहना गर्दछन् तर परमेश्वरको इच्छा पालन गर्न भने चासो देखाउँदैनन्।**

त्यसको अर्थ, तिनीहरू पवित्र आत्माको वरदानबाट ल्याउने फलहरू देखाउने परिवर्तित जीवनप्रति चासो नदेखाएको प्रमाणित गर्दछ।

आफ्नो जीवनमा परमेश्वरले अचम्मको काम गर्नुभएको छ भनेर कसैले तपाईंलाई भने तपाईं के भन्नुहुन्छ? तर त्यो अचम्मको काम परमेश्वरबाट हो कि सैतानबाट हो, कसरी सम्झाउने? येशू र सैतानको बीचमा भइरहेको महान् तार्किक संघर्षको ज्ञान हामीमा भएकोले आश्चर्य वा अचम्मका कामहरूप्रति को जिम्मेवार छ भनेर हामीले कसरी बुझ्न सक्छौं?

## उपसंहार:

थप जानकारीः "पवित्र आत्माले दिनुहुने वरदानहरूप्रति इसाईहरू सराहना गरेको त्यत्ति देखिँदैन। जति मात्रामा आउनुपर्ने हो त्यत्ति मात्रामा पवित्र आत्माको शक्ति आएको छैन। त्यसैकारण पवित्र आत्माको अभावमा सुसमाचारिय कार्यक्रमहरू कमजोर र निष्क्रिय भएको हुन्छ। इसाईहरूमा दक्षता, सीप, खुबी र अरू विभिन्न वरदानहरू होलान्। तर परमेश्वरको आत्माको उपस्थिति बिना कसैको मनलाई छुन सक्दैन न त ख्रीष्टको निम्ति कुनै पापीको मन जित्न सक्छ। तर कुनै विश्वासीहरू ख्रीष्टसँग घनिष्ठ सम्बन्ध राखीरहेको हुन्छ वा पवित्र आत्माको वरदान भएको हुन्छ भने जति नपढेतापनि वा गरिब येशूभक्तहरूले पवित्र आत्माको शक्ति हृदयदेखि त्यसले अनुभव गरेको हुन्छ। त्यस्ता भक्तहरूलाई परमेश्वरले यस जगतका महान् शक्ति वा पवित्र आत्माको उर्जाले सुसम्पन्न गराइ उहाँको निम्ति सेवक बनाउनुहुन्छ।"-एलेन जी ह्वाइट, *क्राइष्ट अबजेक्ट लेसन्स्,* पृ. ३२८बाट रूपान्तरित।

"हृदयदेखि अनुरोध गरेका प्रेरितहरूको अनुरोध बेकारमा खेर गएको थिएन। त्यस ताका विश्वासीहरूलाई पवित्र आत्माले आफ्नो महान् शक्तिहरू खन्याउनुभएको थियो। कतिपय सुसमाचारबाट बिचलित भएर अनौठो बाटोमा हिँड्ने मानिसहरू फर्केर आएका थिए। ख्रीष्टबाट दिइने सच्चा स्वतन्त्रताप्रति तिनीहरू कतिवद्ध भएका थिए। तिनीहरूको जीवनले पवित्र आत्माका फलहरू देखाएका थिए, ती थिए-'प्रेम, आनन्द, शान्ती, सहनशीलता वा धैर्यता, भलादमीपन वा दया, भलोपन, विश्वास, नम्रता र संयता' (गलाती ५:२२,२३)। परमेश्वरको नामको महिमा गरेका थिए।

अनि त्यस क्षेत्रको वरिपरि भएका विश्‍वासीहरूमा धेरै मानिसहरू थपिए थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३८८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. चिसो चर्च र अत्यन्त जोशिलो, अनियन्त्रित तथा आवेशमा चल्ने चर्चको बीचमा के अन्तर छ सो सोच्नुहोस्। के त्यहाँ सधैं भिन्नता भइरहन्छ त? के चर्च भावात्मक र चिसो पनि एकै साथ हुनसक्छ र? यदि चर्च चिसो, उत्साहरहित र उदासिन छ भने ती चर्चमा कसरी देखिन्छ? सही वा सत्य पुनर्जागरण र आमूल सुधारको प्रक्रियामा ती एक वा दुवै खालका अनुभवहरू किन जोखिमपूर्ण हुनसक्छ? तपाईंको स्थानिय चर्चको बारेमा तपाईं के भन्नुहुन्छ? चिसो र उत्तेजनात्मक चर्चको परिसरमा तपाईंको चर्च कहाँ छ त? त्यस चर्चलाई उचित संतुलनमा ल्याउन तपाईंको भूमिका कस्तो हुनसक्छ?

आ. संसारमा परमेश्वरको सही बाटोबाट भड्काउन अनेकौं देखावटी तथा नकावधारी पुनर्जारण भइरहेको छ भन्ने प्रमाण हामीले कसरी हेर्ने? वा ती पुनर्जागरणमा परमेश्वरले काम गरिरहनुभएको छ तर तिनीहरू हाम्रो सम्मत छैन भनेर त्यस्ता पुनर्जागरणप्रति मूल्याङ्कन गर्नु के उचित छ त?

इ. कसैले परमेश्वरले अचम्मको कार्य उसमाथि गर्नुभएको थियो भनेर दावी गर्दछ भने, त्यसबारे विश्वासीहरूको बीचमा छलफल गर्नुहोस्। ती छलफलबाट तपाईंले के सिक्नसक्नुहुन्छ?